# जिल्ला समन्वय समितिको कार्यालय

पर्वत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८० साल वैशाख १ देखि २०८० साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वत: प्रकाशन)

प्रमुख जिल्ला समन्वय अधिकारी

१. कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १७ धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेगरी गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

२.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधान बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।

त्यसैगरी संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाका अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जसमध्ये जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रवाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बिचमा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने लगायतका कार्यहरु रहेका छन् ।

जिल्ला समन्वय अधिकारी

CamScanner

३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

संगठन संरचना

अनुसूची - १.७

जिल्ला समन्वय समिति,(७७ जिल्ला) को संगठन संरचना




जिल्ला समन्वय अधिकारी

## जिल्ला समन्वय समिति, पर्वतका पदाधिकारीहरुको संक्षिप्त परिचय

| क. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री विष्णुराम वि.क | प्रमुख | महाशिला गा.पा. १ पर्वत | ९८५७६३०५७३ | |
| २ | श्री सोम बहादुर जि.सी | उप-प्रमुख | जलजला गा.पा. ८ पर्वत | ९८५७६५५३०९ | |
| ३ | श्री हरि पंगेनी | सदस्य | पैयुँ गा.पा. ७ पर्वत | ९८६९१७४७८१ | |
| ४ | श्री केशु कुमारी सुवेदी | सदस्य | जलजला गा.पा. पर्वत | ९८६७७४२५७९ | |
| ५ | श्री सीता समुन्द्रिया | सदस्य | कुश्मा न.पा. ८ पर्वत | ९८४७७४२५७९ | |
| ६ | श्री गीता सुनार वि.क. | सदस्य | कुश्मा न.पा. ११ पर्वत | ९८६७७०१४११ | |
| ७ | श्री निर्मला कुमारी शर्मा | सदस्य | फलेवास न.पा. ३ पर्वत | ९८५७६७६११३ | |
| ८ | श्री दर्शन सि घले | सदस्य | फलेवास न.पा. ८ पर्वत | ९८४७७०१००५ | |
| ९ | श्री विजया कुमार क्षेत्री | सदस्य | विहादी गा.पा. ६ पर्वत | ९८५७६३१५९५ | |

## जिल्ला समन्वय समितिको कार्यालयका कर्मचारीहरुको विवरण

| क. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेत्रप्रसाद पौडेल | जिल्ला समन्वय अधिकारी | कुश्मा नगरपालिका पर्वत | ९८५७६३७२२२ | |
| २ | महेश शर्मा | शाखा अधिकृत | कुश्मा नगरपालिका पर्वत | | |
| ३ | निर्मला भण्डारी | नायव सुब्बा | जलजला गा.पा. ८ पर्वत | ९८४६९८४२१७ | |
| ४. | विष्णु कुमारी बराल | नायव सुव्वा | पोखरा महानगरपालिका | ९८४९८९७३०४ | संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको अतिरिक्त समुहमा दरवन्दी रहि काजमा । |
| ५. | नकुल शर्मा | लेखापाल | बेनी नगरपालिका | ९८४७६१८८२५ | |
| ६. | राजन ढकाल | सव इन्जिनियर | आधिखोल गा.पा ६ स्याङ्जा | ९८५६०८०११८ | |
| ७. | मीना कुमारी शर्मा | खरिदार | फलेवास न. पा. ४ पर्वत | ९८४७७०९९९३ | |
| ८. | सिर्जना वि.क. | स्वकीय सचिव /ना.सु (करार) | महाशिला १ पर्वत | | |
| ९. | राजेन्द्र वि.क | ह. स. चा (करार) | कु.न.पा.४ पाखाथर | ९८४७६२०९३१ | |
| १० | हर्क वहादुर सुदार | ह. स. चा (करार) | कु.न.पा. वडा नं. २ खुर्कोट | ९८४७६४३३४४ | |
| १० | विवेक पौडेल | कार्यालय सहयोगी (करार) | मोदी गाउपालिका वडा नं. ६ | ९८४७७७२७७२ | |
| ११ | विजया कुमारी सुवेदी (आचार्य) | कार्यालय सहयोगी (करार) | जलजला गाउपालिका ७ | ९८४७६७२५४६ | |
| १२ | शान्ति दर्जी | कार्यालय सहयोगी (करार) | मोदी गाउपालिका वडा नं ६ | ९८४७६४७३७५ | |

जिल्ला समन्वय अधिकारी

CamScanner

४. कार्यालयबाट प्रदान गरिने सेवा:

- नेपालको संविधान बमोजिम जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिमका तथा कानूनले तोके बमोजिमका कार्यहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| शाखा | कर्मचारीको नाम थर तथा पद |
|---|---|
| कार्यालय प्रमुख | श्री नेत्रप्रसाद पौडेल , जिल्ला समन्वय अधिकारी |
| प्रशासन शाखा प्रमुख | श्री महेश शर्मा, शाखा अधिकृत |
| जिन्सी | श्री निर्मला भण्डारी, ना. सु. |
| आर्थिक प्रशासन | **श्री नकुल शर्मा, लेखापाल** |
| प्राविधिक शाखा | श्री राजन ढकाल इन्जिनियर |
| प्रशासन/ दर्ता चलानी | श्री मिना कुमारी शर्मा खरिदार |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान हुने सेवाहरु निशुल्क रुपमा प्रदान हुने गरेको ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

- शाखासँग सम्बन्धित नियमित कार्यहरु शाखा प्रमुखबाट ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाट हुनुपर्ने भनी तोकिएका कार्यहरु कार्यालय प्रमुखबाट।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

जिल्ला समन्वय अधिकारी

CamScanner

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

९. सम्पादन गरेको कामको विवरण:

जिल्ला समन्वय समिति, पर्वतबाट यस अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरु:

- २०८० **बैसाख** १ देखि २०८० **असार** मसान्तसम्म जिल्ला समन्वय समितिको ५ वटा बैठक बसी विभिन्न निर्णयहरु गरेको छ ।
- जिल्ला भित्रका विकासात्मक कार्यालयहरुले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको जिल्ला समन्वय समितिका पदाधिकारी तथा जि.स.स. कार्यालयका कर्मचारीहरुबाट सात वटै पालिकाहरुमा अनुगमन तथा निरीक्षण कार्य भएको । जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन समितिले कालिगण्डकी नदि किनार क्षेत्रमा विभिन्न समयमा अनुगमन **गरि बैठक बसी आवश्यक निर्णयहरु गरेको** ।
- जिल्लाका सात वटै पालिका प्रमुख ,उपप्रमुख ,अध्यक्ष, उपाध्यक्ष ,विकासात्मक आयोजनाहरु संचालन गर्ने संघ तथा प्रदेश स्तरिय कार्यालय प्रमुखहरु को साथमा प्रदेश स्तरका माननीयज्यूहरुको समुपस्थितिमा समन्वय बैठक साथै समिक्षा कार्यक्रम संचालन गरियो ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:

१. कार्यालय प्रमुख:- श्री नेत्रप्रसाद पौडेल , जिल्ला समन्वय अधिकारी
२. सूचना अधिकारी:- श्री निर्मला भण्डारी ना.सु.

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

जिल्ला समन्वय अधिकारी

- बातावरण संरक्षण ऐन, २०७६
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ नियमावली, २०६५
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५"
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५

जिल्ला समन्वय अधिकारी